# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## जनशक्ति व्यवस्थापन विभाग

यस बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फको अधिकृत तृतीय पद खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने सन्दर्भमा मिति २०६८/०७/१७ गतेका दिन प्रकाशित सूचना अनुसार उक्त पदमा रीतपूर्वक दरखास्त दिने उम्मेदवारहरुको नामावली तोकिएको सम्पर्क मिति २०६८/०९/१८ का दिन यस बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा टाँस गरिएको व्यहोरा अवगत गराउँदै प्रकाशित सूचना अनुसारको परीक्षा कार्यक्रम देहाय अनुसार भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिएको छ ।

१. प्रशासन सेवातर्फको **अधिकृत तृतीय पद (साधारण)** तर्फ रीतपूर्वक दरखास्त दिने उम्मेदवारहरु मध्ये खुल्ला समूह तर्फ दरखास्त दिएका (गत वर्ष पूर्वयोग्यता परीक्षा उत्तीर्ण गरेका बाहेक) उम्मेदवारहरुको पूर्व योग्यता परीक्षा २०६८ माघ ७ गते शनिबार दिउँसो ३.०० बजे NAME: Institute For Medical Education Pvt. Ltd. रामशाहपथ, काठमांडौ अन्तर्गतका परीक्षा केन्द्रहरुमा सञ्चालन गरिने ।

२. **अन्तर्राष्ट्रिय कानून** तर्फको पदमा रीतपूर्वक दरखास्त दिने सबै उम्मेदवारहरुको लिखित परीक्षा नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय, बालुवाटारमा निम्नानुसार सञ्चालन हुने ।

| परीक्षा मिति र समय | विषय |
|---|---|
| २०६८/११/०६ गते शनिबार, विहान ११.०० बजे | प्रथम पत्र |
| २०६८/११/०७ गते आइतबार, विहान ११.०० बजे | द्वितीय पत्र |
| २०६८/११/०८ गते सोमबार, विहान ११.०० बजे | तृतीय पत्र |

३. **बाणिज्य कानून** तर्फको पदमा रीतपूर्वक दरखास्त दिने सबै उम्मेदवारहरुको लिखित परीक्षा नेशनल कलेज, बालुवाटारमा निम्नानुसार सञ्चालन हुने ।

| परीक्षा मिति र समय | विषय |
|---|---|
| २०६८/११/०९ गते मंगलबार, विहान ११.०० बजे | प्रथम पत्र |
| २०६८/११/१० गते बुधबार, विहान ११.०० बजे | द्वितीय पत्र |
| २०६८/११/११ गते बिहिबार, विहान ११.०० बजे | तृतीय पत्र |

४. **सिए/एसिसिए/सिपिए** तर्फको पदमा रीतपूर्वक दरखास्त दिने सबै उम्मेदवारहरुको लिखित परीक्षा नेशनल कलेज, बालुवाटारमा निम्नानुसार सञ्चालन हुने ।

| परीक्षा मिति र समय | विषय |
|---|---|
| २०६८/११/१२ गते शुक्रबार, विहान ११.०० बजे | प्रथम पत्र |
| २०६८/११/१३ गते शनिबार, विहान ११.०० बजे | द्वितीय पत्र |
| २०६८/११/१४ गते आइतबार, विहान ११.०० बजे | तृतीय पत्र |

उपरोक्तानुसार रितपूर्वक दरखास्त दिएका सबै सेवा समूहका उम्मेदवारहरुको प्रवेश पत्र मिति २०६८/०९/२६ गतेका दिनदेखि यस विभागबाट वितरण गरिने तथा तोकिएको मिति र समयमा परीक्षा केन्द्रमा अनुपस्थित हुने उम्मेदवारहरुको लागि पछि परिक्षाको अन्य कुनै व्यवस्था नहुने व्यहोरा समेत अगावै जानकारी गराइएको छ ।

*****